## कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक न.१५/०८०/८१

आज मिति २०८०।११।१३ गते आईतवार दिउँसो २ बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१५/०८०/८१ (पन्ध्रौ बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजश महथा खत्री | वडा अध्यक्ष, वडा न.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत अहिर | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | चम्पा देवी | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | रामेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

## वैठकमा आमन्त्रित तथा सहजीकंरण गर्ने कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेन्द्र कुमार महतो | प्रशासन शाखा प्रमुख | | |
| २. | नजबुल्ला अंसारी | स्थानीय शासन विज्ञ | | |
| ३. | पुजा साउद | सहायक, पाँचौं | | |
| ४. | विरबल यादव | कार्यालय सहयोगी | विरबल | |

कलैया उपमहानगरपालिका

**नगर कार्यपालिकाको बैठक नं.१५/०८०/८१ मिति २०८०।११।१३ गतेको एजेण्डा तथा निर्णयहरु**

**छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)**

**१. कवाड लिलाम सम्बन्धमा ।**

निर्णय :- कलैया उपमहानगरपालिकामा रहेका प्रयोग बिहिन, काम नलाग्ने, थोत्रो, थुप्रिएर रहेका जिन्सी सामानहरु लिलाम गर्नु पर्ने भएकोले नगर कार्यपालिकाको बैठक नं. ०६/०८०/८१ मिति २०८०/०७/२० गतेको गठित जिन्सी लिलाम समितिको संयोजक ईन्जिनियर श्री माधव प्रसाद यादव ज्युको संयोजकत्वमा दर्ता नं. १२६१६, मिति २०८०/११/०८ गतेको प्राप्त जिन्सी लिलाम सामाग्री न्युनतम मुल्य निर्धारण प्रतिवेदन यस नगर कार्यपालिका बैठकमा पेश भई बिस्तृत छलफल पश्चात कुल मुल्यांकन रु. २,४५५,०००/- मध्ये केश रोलर मेशिनको मुल्य रु. ३४०,०००/- बाहेकका कवाड जिन्सी सामानहरुको न्युनतम मुल्य रु. २,१०५,०००/- कायम गरी लिलाम गर्ने निर्णय गरियो ।

**२. केश रोलर मर्मत सम्भार सम्बन्धमा ।**

निर्णय :- कलैया उपमहानगरपालिकामा बिग्रिएर रहेको केश रोलर मेशिन मर्मत सम्भार गराई पुनः संचालनमा ल्याउने निर्णय गरियो ।

**३. वडा नं. ३ को पुरानो योजना म्याद थप र भुक्तानी सम्बन्धमा ।**

निर्णय :- वडा नं. ३ को तपसिलका योजनाहरुको म्याद थप गरि भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

क. आ.व.२०७७/७८को भवानीपुरमा रहेको कब्रस्तानको अधुरो कम्पाउण्ड वाल गर्ने कार्य र

ख. आ.व. २०७६/७७ को क्रमागत भवानीपुर मस्जिदको बाटो नाला ढलान गेट समसान घाट व्यवस्थित गर्न कार्य

**४. वडा नं. ९ को पुरानो योजना म्याद थप र भुक्तानी सम्बन्धमा ।**

निर्णय :-वडा नं. ९ रामपुरमा आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ को वडास्तरीय बजेटबाट निर्माण भएको सामुदायिक भवन निर्माण समयमा सम्पन्न भईसकेकोले योजनाको भुक्तानीको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**५. ODF सम्बन्धमा ।**

निर्णय :- नेपाल सरकारको नीति अनुसार देश व्यापी खुल्ला दिशामुक्त घोषणा गर्नु पर्ने कार्यक्रम भए बमोजिम यस क.उ.म.न.पा. को वडा नं. ९ ले शौचालय निर्माण गरि यस क.उ.म.न.पा.संग खुल्ला दिशामुक्त वडा घोषणा भईसकेको र आ.व. २०७६/७७ मा वडाको विनियोजित बजेटबाट ODF को

Scanned with CamScanner

लागि खरिद भएको सामाग्री तथा अन्य खर्चको बिल भरपाई अनुसार श्री अख्तर आलम अंसारीलाई भुक्तानी दिने निर्णय गरियो ।

**६. ग्रामिण वडामा स्वीपर एक सिफ्टमा खटाउने सम्बन्धमा ।**

निर्णय :- वडा नं. १,३,४,५,६,७,८ र ९ बाहेक ग्रामिण वडाहरुमा २०८०/१२/०१ गतेदेखि लागु हुने गरी विहान ७:०० बजे देखि १०:०० बजे सम्म एक सिफ्टमा मात्र स्वीपरहरुलाई खटाईने तथा खाईपाई आईरहेको मासिक ज्यालादारी रकमको ५०% रकम पारिश्रमिक स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

**७. महालेखा नियन्त्रकको बजेट कटौती वितरण र छलफल सम्बन्धमा ।**

निर्णय :- महालेखा नियन्त्रक कार्यालय (बजेट कार्यान्वयन तथा शोधभर्ना शाखा) को च.नं. १०६ मिति २०८०/१०/२६ मा प्राप्त पत्र वित्तीय समानीकरण अनुदान हस्तान्तरण सम्बन्धमा छलफल गरियो ।

**८. मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धमा ।**

निर्णय :- आजकै कार्यपालिका बैठकमा कार्यपालिका सदस्यहरु र विषयगत महाशाखा/शाखा प्रमुखहरुलाई अभिमुखीकरण गराई कार्यदल गठन गरी मध्यमकालीन खर्च संरचना तयारी गर्ने निर्णय गरियो ।

**९. विद्यालय शिक्षा क्षेत्रको १० बर्षे योजना सम्बन्धमा ।**

निर्णय :- यस उपमहानगरपालिकाका शिक्षा तथा खेलकुद महाशाखाबाट तयार गरिएको १० बर्षे विद्यालय शिक्षा योजना माथि छलफल गरीयो र आगामी कार्यपालिका बैठकमा पेश गरी थप छलफल गर्ने निर्णय गरियो ।

**१०. धर्मनगर स्वास्थ्य चौकीमा कार्यरत मिना देवी पासवानको मासिक ज्यालादारी रकममा रु. १०००/- थप गर्ने सम्बन्धमा ।**

निर्णय :- क.उ.म.न.पा. वडा नं. १२, धर्मनगर स्वास्थ्य चौकी प्रसुति गृहमा मासिक ज्यालादारीमा कार्यरत मिना देवी पासवानले खाईपाई आईरहेको मासिक ज्यालादारी रु ५०००/- मा रु. १०००/- थप गरी जम्मा रु. ६०००/- प्रति महिनाको दरले उपलब्ध गराउने निर्णय गरियो ।

**११. योजना अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

निर्णय :- आ.व. २०८०/८१ को माघ महिनामा वडा स्तरीय र नगर स्तरीय गरी ६ (छ) वटा योजनाहरुको अनुगमन समितिका संयोजक तथा नगर उपप्रमुख श्री रौशन परविन ज्युबाट पेश भएको अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन माथि छलफल गरि अनुमोदन गरियो ।

**१२. राम राजा (मो.वि.शा.) क्याम्पसका विधार्थीहरुको शैक्षिक भ्रमण सम्बन्धमा ।**

Scanned with CamScanner

निर्णय :- राम राजा (मो.वि.शा.) क्याम्पसका नियमित कार्यक्रम अन्तरगत अध्ययनरत व्यवस्थापन तथा शिक्षा संकाय स्नातक तह चौथो वर्षका छात्रछात्राहरु १० दिनका लागी शैक्षिक भ्रमणमा जानको लागी आर्थिक सहयोग मांगको निवेदन आएकोले क्याम्पसको नियमित भ्रमण कार्यक्रम चुस्तदुरुस्त हुनको लागी आर्थिक सहयोग बापत रु. ५००००/-(अक्षरेपी पचास हजार मात्र)दिने निर्णय गरियो ।

१३. आर्थीक सहयोग सम्वन्धमा ।

निर्णय :- नेपाल गणित समाज, मधेश प्रदेशको आर्थिक सहयोग सम्वन्धि प्राप्त निवेदन अनुसार शिक्षकहरुको ११ दिने कार्यशाला तालिम संचालनको लागी रु. ३००००/- (अक्षरेपी तिस हजार मात्र ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner